**CITY OF BURLINGTON**
**DEPARTMENT OF PUBLIC WORKS**
**WATER RESOURCES DIVISION**
235 Penny Lane | P O Box 878 | Burlington, VT 05402
**फोन:** 802.863.4501 | **फ्याक्स:** 802.864.8233
water-resources@burlingtonvt.gov | www.burlingtonvt.gov/water

# वाटर सर्भिस लाइन इन्भेन्टरी प्रोजेक्ट
## (Water Service Line Inventory Project)
## प्राय: सोधिने प्रश्नहरू

### *वाटर सर्भिस लाइन इन्भेन्टरी प्रोजेक्ट भनेको के हो?*

सिटी अफ बर्लिङ्गटनले सार्वजनिक खानेपानीबाट लेड (सिसा) का सम्भावित स्रोतहरू पहिचान गर्न र हटाउनका लागि राष्ट्रव्यापी आवश्यकताको सम्बन्धमा भर्मोन्ट राज्य र अमेरिकी वातावरण संरक्षण एजेन्सी (US Environmental Protection Agency) सँग काम गरिरहेको छ। यस आवश्यकताको हिस्साको रूपमा बर्लिङ्गटन वाटर रिसोर्सेज (Burlington Water Resources) ले सिटीको प्रत्येक वाटर सर्भिस लाइनका सामग्रीहरू पुष्टि गर्न वा पहिचान गर्न आवश्यक पर्छ। सिटीसँग सक्रिय लेड सर्भिस लाइनहरूको कुनै रेकर्ड छैन र कुनै पनि लेड लाइनहरू फेला पार्ने अपेक्षा गर्दैन; तर पनि, यो इन्भेन्टरी हाम्रो लागि उच्च पानीको गुणस्तर र पानीको चाप कायम राख्न पुराना ग्याल्भेनाइज्ड सर्भिस लाइन, पानीको मिटर वा अन्य कनेक्टरहरू जस्ता प्रतिस्थापन आवश्यक पर्न सक्ने सर्भिस लाइन र कम्पोनेन्टहरू पहिचान गर्ने उत्कृष्ट अवसर हो।

### *के मेरो खानेपानीमा लेड छ?*

बर्लिङ्गटनमा तपाईंको खानेपानीमा लेड हुने एकदमै कम सम्भावना छ। लेड भएको प्लम्बिङ सामग्रीहरूमा खिया लाग्दा खानेपानीमा लेड पस्न सक्छ। खिया (कोरोसन) भनेको पानी र तपाईंको प्लम्बिङको बिचमा रासायनिक प्रतिक्रिया भएर धातु घुल्नु वा पातलो हुँदै जानु हो। खियालाई रोक्नका लागि बर्लिङ्गटन वाटर रिसोर्सेजले हाम्रो प्रशोधन प्लान्ट छोड्नुअघि पानीको आपूर्तिमा जिङ्क अर्थोफोस्फेट भनिने रसायन मिसाउँछ। जिङ्क अर्थोफोस्फेटले खानेपानीको पाइप र फिक्स्चरको भित्री भागमा लेप लगाइदिन्छ जसले गर्दा खिया लाग्ने कार्य रोकिन्छ र पानीमा लेड हुने सम्भावना कम हुन्छ।

सिटी अफ बर्लिङ्गटनसँग सिटीमा रहेका सक्रिय लेड वाटर सर्भिस लाइनहरूको कुनै रेकर्ड छैन र बर्लिङ्गटनमा सामान्यतया प्रयोग नगरिएकाले कुनै पनि लेड सर्भिस लाइनहरू फेला पार्ने अपेक्षा गरिन्न। ग्याल्भेनाइज्ड स्टिल लाइनहरू भएका केही पुराना घरहरूमा अझै पनि सर्भिस लाइन र गुजनेक भनिने मुख्य लाइनको बिचमा भएका छोटो कनेक्टरहरूमार्फत तिनीहरूको प्रणालीमा लेडको सीमित एक्सपोजर हुन सक्छ तर तिनीहरूलाई EPA को लेड तथा कपरसम्बन्धी नियममा संशोधनहरूअन्तर्गत प्रभावकारी लेड तत्वहरू मानिँदैन। यसका साथै, पुराना घरहरूको भित्री प्लम्बिङ (जस्तै, पाइप, सोल्डर, धारा, टुटी, फिक्स्चर आदि) मा वा सन् 2001 भन्दा पहिले जडान गरिएका पानीका मिटरहरूमा पनि थोरै मात्रामा लेड हुन सक्छ तर त्यसले हाम्रो प्रभावकारी प्रशोधन नियन्त्रणहरू (अर्थात् खियानिरोधी सामग्रीहरूको प्रयोग) का कारणले पानीमा लेडको स्तरलाई असर गर्दैन।

### *मेरो सहभागिता किन महत्त्वपूर्ण छ?*

यस परियोजनाले लेड भएको कुनै पनि सर्भिस लाइनहरू पहिचान गर्न र लाइनभित्र फोहोर जम्मा हुँदै गएको कारणले गर्दा लाइन चुहिन, भाँचिने र पानीको प्रेसर घट्न सक्ने सम्भावना भएका ग्याल्भेनाइज्ड सर्भिस लाइनहरू पहिचान गर्नका लागि हामीले EPA को निर्देशन पालना गरिरहेका छौं भनेर सुनिश्चित गर्नेछ।

एक वर्षभन्दा कम समयमा पहिचान वा पुष्टि गर्न आवश्यक रहेका सामग्रीहरू सहितका 11,000 भन्दा बढी वाटर सर्भिस लाइनहरू छन्। यस आवश्यकताको कार्यक्षेत्र र समयको कारणले गर्दा हाम्रो सञ्चालन लागतहरू कम राख्नमा मद्दत होस् भन्नका लागि हामी बर्लिङ्गटन वाटर रिसोर्सेजका सेवाग्राहीहरू यसमा सहभागी होऊन् भन्ने चाहन्छौँ। सञ्चालन लागतहरू कम राख्दा यसले हामीलाई वहनीय, प्रतिस्पर्धी दरहरूमा पानी उपलब्ध गराउन र हाम्रा सेवाग्राहीहरूलाई अतिरिक्त छुट र वहनीयताका कार्यक्रमहरू प्रदान गर्नमा मद्दत गर्छ।

### *यो जानकारी कसरी जम्मा गरिन्छ?*

पहिलेका र हालै गरिएका जडानसम्बन्धी रेकर्डहरूको विस्तृत विश्लेषण गर्नुका साथै हामी मुख्य रूपमा हाम्रो सर्वेक्षणमा सहभागी हुन सर्वसाधारणमा भर परिरहेका छौँ। हामी फलोअप आवश्यक पर्ने घरहरूमा आएर भेटघाट गर्नुका साथै पुराना नेबरहुडहरू (सन् 1938 भन्दाअघि स्थापना भएका स्ट्रिट) मा रहेका घरहरूमा गएर विस्तृतमा जाँचबुझ गर्ने छौँ। यस परियोजनाको कार्यक्षेत्रलाई ध्यानमा राख्दै हामी तपाईंलाई यो सर्वेक्षणका साथसाथै तपाईंको घरसम्पत्तिको सम्बन्धमा हामीसँग भविष्यमा हुन सक्ने फलोअप प्रश्नहरूको जवाफ दिएर आवश्यक कदम चाल्न एकदामी प्रोत्साहन गर्छौँ।

## यो जानकारीलाई के गरिनेछ ?

बर्लिङ्गटन वाटर रिसोर्सेजले हाम्रा नतिजाहरू सहितको सार्वजनिक रूपमा उपलब्ध नक्सा प्रकाशित गर्नेछ ताकि बासिन्दाहरूले भविष्यमा आफ्नो प्रणालीसम्बन्धी जानकारी हेर्न सकून् । यदि हामीले फेर्न आवश्यक रहेका पाइपहरू भेटायौँ भने बर्लिङ्गटन वाटर रिसोर्सेजले यस परियोजनाको दोस्रो चरणमा घर मालिकहरूसँग आफ्नो वाटर सर्भिस लाइनहरू फेर्नका लागि काम सुरु गर्नेछ ।

## के तपाईंले मेरो लन खन्नुहुनेछ ?

होइन, परियोजनाको यो चरणमा कुनै पनि घरमा खन्ने काम गर्न आवश्यक पर्दैन । यदि हामीले यो परियोजनाको दोस्रो चरणमा थप अनुसन्धानका लागि तपाईंको सर्भिस लाइनलाई चिन्हित गरेको खण्डमा तपाईंलाई सूचित गरिनेछ ।

## के यसका लागि मैले पैसा खर्च गर्नुपर्छ ?

यदि तपाईंको बर्लिङ्गटन वाटर रिसोर्सेजबाट घरमा आएर भेट गर्न आवश्यक पर्ने विशिष्ट अवस्था भए तापनि तपाईंको सर्भिस लाइनको सामग्री पहिचान गर्ने कार्य निःशुल्क हुन्छ । यदि तपाईंको सेवा लाइन लेडको हो (सम्भावना नभएको) भने यसलाई तपाईंको कुनै पनि खर्च नहुनेगरी फेरिनेछ ।

## EPA को लेड तथा कपरसम्बन्धी नियम (Lead and Copper Rule) भनेको के हो ?

EPA को लेड तथा कपरसम्बन्धी नियम भनेको सन् 1991 मा बनाइएको नियम हो जसले पानीको वितरण प्रणालीमा कपर (तामा) तथा लेड (सिसा) को अधिकतम स्तरहरू निर्धारण गर्छ र हाम्रो खानेपानीबाट लेडका स्रोतहरू हटाउने काम गर्छ । नवीनतम विज्ञानअनुसार नियमलाई अद्यावधिक गरिरहिन्छ । लेड तथा कपरसम्बन्धी नियममा संशोधनहरू (Lead and Copper Rule Revisions) भनिने पछिल्लो अपडेटले पानीका सबै युटिलिटी (पानी उपयोगिता सेवा कम्पनी) हरूलाई अक्टोबर 2024 सम्म सेवाग्राही तथा युटिलिटी दुवैका सेवा क्षेत्रका सबै वाटर सर्भिस लाइनहरूको सामग्री रेकर्ड गर्न आवश्यक गराएको छ । यदि फेर्न आवश्यक रहेको कुनै पनि ग्याल्भेनाइज्ड वा लेड सर्भिस लाइनहरू पहिचान गरिएको खण्डमा युटिलिटीले सेवाग्राहीको कुनै पनि खर्च नहुनेगरी सर्भिस लाइनहरू फेर्नका लागि सेवाग्राहीहरूसँग मिलेर काम गर्न आवश्यक हुन्छ ।

## वाटर सर्भिस लाइन भनेको के हो ?


वाटर सर्भिस लाइनहरू भनेका सिटी अफ बर्लिङ्गटनको मुख्य वाटर लाइनबाट व्यक्तिगत घरहरूमा पानी लैजाने पाइपहरू हुन् । धेरैजसो घरहरूमा एउटा मात्र सेवा सर्भिस हुनेछ तर अरूसँग आगलागी सुरक्षा, सिँचाइ वा अन्य गैर-पिउनयोग्य पानीका प्रयोगहरूका लागि छुट्टै वाटर सर्भिस लाइन हुनेछ । यस परियोजनाको हिस्साको रूपमा सबै सर्भिस लाइनहरूमा प्रयोग भएको सामग्रीको प्रकार रेकर्ड गरिएको हुनुपर्छ ।

## फेर्न आवश्यक रहेको ग्याल्भेनाइज्ड (Galvanized Requiring Replacement, GRR) भनेको के हो?

फेर्न आवश्यक रहेको ग्याल्भेनाइज्डले लेड सर्भिस लाइनको "पानी लैजाने पाइप" हो वा थियो भन्ने ग्याल्भेनाइज्ड स्टिल सर्भिस लाइन वा लेडको स्थिति अज्ञात रहेको हाल पानी लागिरहेको पाइप भएको ग्याल्भेनाइज्ड स्टिल सर्भिस लाइनलाई जनाउँछ ।

## मैले मेरो वाटर सर्भिस लाइनलाई कसरी भेटाउन सक्छु ?

वाटर सर्भिस लाइनलाई घरमा बेसमेन्टको जग वा पर्खाल (सामान्यतया सडक छेउतिर) बाट छिराइएको र पानीको मिटरमा जोडिएको हुन्छ । यदि तपाईंको घरमा बेसमेन्ट छैन भने युटिलिटी क्लोजेट वा ग्यारेज अर्को सुरक्षित क्षेत्रमा हेर्नुहोस् । यो ग्राफिकले भवनमा सामान्यतया वाटर सर्भिस लाइनहरू कहाँ-कहाँ देख्न सकिन्छ भनेर देखाउँछ ।




बर्लिङ्गटनको सामान्य वाटर सर्भिस लाइन

### *मेरो सेवा लाइन कुन-कुन सामग्रीहरूबाट बनेको हुन सक्छ?*

वाटर सर्भिस लाइनहरू 2 इन्च वा सोभन्दा कम डायमिटर (व्यास) का हुन्छन् र तिनीहरू प्लाष्टिक, तामा, ग्याल्भेनाइज्ड स्टिल र लेडबाट बनेका हुन सक्छन् । 2 इन्चभन्दा ठूलो डायमिटर भएका वाटर सर्भिस लाइनहरू को डक्टाइल आइरन, कास्ट आइरन र प्लास्टिकबाट बनेका हुन सक्छन् । कृपया आफ्नो वाटर सर्भिस लाइनको सामग्री कसरी पहिचान गर्ने भनेर व्याख्या गर्ने हाम्रो गाइड पढ्नुहोस् ।

### *मसँग धेरैवटा सर्भिस लाइनहरू छन् भने के गर्ने?*

यदि तपाईंको घरमा धेरैवटा सर्भिस लाइनहरू (जस्तै, घरेलु, आगालागी सुरक्षा र/वा सिँचाइ) छन् भने कृपया प्रत्येकको छुट्टाछुट्टै विवरण तयार गर्नुहोस् । सर्वेक्षण फाराममले तपाईंलाई उक्त प्रक्रियाका बारेमा स्पष्ट पार्नेछ ।

### *मसँग वाटर लाइनमा पहुँच छैन भने मैले के गर्ने?*

यदि तपाईं बहु-आवास एकाइ भवनमा बस्नुहुन्छ भने हामी पानी आउने सर्भिस लाइन पहिचान गर्नका लागि घर मालिक/प्रोपर्टी म्यानेजरसँग कुराकानी गर्ने छौँ ।

### *मैले मेरो बेसमेन्टमा पहुँच बनाउन र मेरो सर्भिस लाइनको सामग्री पहिचान गर्न सक्दिनँ ।*


बर्लिङ्गटन वाटर रिसोर्सेजमा तपाईंको सर्भिस लाइनको सामग्री निर्धारण गर्न घरमा भेट गर्न आउनका लागि सीमित सङ्ख्यामा अपोइन्टमेन्टहरू हुनेछन् । यदि तपाईंलाई साइट भिजिट आवश्यक पर्छ लाग्छ भने कृपया हामीलाई (802) 863-4501 मा सम्पर्क गर्नुहोस् वा प्रतीक्षा सूचीमा नाम टिपाउनका लागि इमेल पठाउनुहोस् । तपाईंलाई आफू अनुकूलको समय कसरी मिलाउने भन्ने बारेमा थप विवरणसहित 2024 को स्प्रिङमा सम्पर्क गरिनेछ ।

### *मेरो वाटर सर्भिस लाइनलाई फेर्न आवश्यक पर्छ भने के हुन्छ?*

यदि हामीले यो परियोजनाको दोस्रो चरणमा तपाईंको सर्भिस लाइनलाई GRR वा लेड (सम्भावना नरहेको) भएकोले फेर्न आवश्यक पर्छ भनेर पहिचान गरेको खण्डमा हामीले तपाईंलाई यस बारेमा सूचित गर्ने छौँ । यदि तपाईंको सर्भिस लाइनलाई फेर्न आवश्यक पर्छ भने यसलाई तपाईंको कुनै पनि खर्च नहुनेगरी फेरिनेछ ।

### *मर्मत र फेर्न आवश्यक रहेका अन्य सर्भिस लाइनहरूमा घर मालिकको रूपमा मेरा के-के जिम्मेवारीहरू हुन्छन्?*

सामान्य सर्भिस लाइन मर्मत गर्न र फेर्नका लागि सिटी अफ बर्लिङ्गटन र घर मालिकले वाटर मेनदेखि कर्ब स्टपसम्मको 50 प्रतिशत जिम्मेवारी र लागत बाँडछन् । घर मालिक पानीको मिटरसहित कर्ब स्टपबाट घरसम्मको सर्भिस लाइनको लागतका लागि 100 प्रतिशत नै जिम्मेवार हुन्छन् । विभागद्वारा अन्य तरिकाले अनुमति दिइएको अवस्थामाबाहेक वाटर सर्भिस लाइनक सबै कामहरू बर्लिङ्गटन वाटर रिसोर्सेजद्वारा अनिवार्य रूपमा पूरा गरिएको हुनुपर्छ । तलको ग्राफिकले वाटर सर्भिस लाइनको प्रत्येक भागका लागि घर मालिक र सिटी अफ बर्लिङ्गटनको जिम्मेवारीलाई संक्षेपमा देखाउँछ ।



## *हाम्रो खानेपानीमा लेड एक्सपोजर (लेडको सम्पर्कमा आउँदा हुने प्रभाव) लाई रोक्नका लागि सिटी अफ बर्लिङ्गटनले कसरी कदम चाल्छ ?*

सिटी अफ बर्लिङ्गटनसँग लेड वाटर सर्भिस लाइनहरू भएको कुनै रेकर्ड छैन र लेड सर्भिस लाइनहरू भेटाउने अपेक्षा नगर्ने भए तापनि हामी निम्न सावधानी अपनाएर लेड एक्सपोजरलाई रोक्छौं:

- पानीमा जिङ्क अर्थोफोस्फेट भनिने खिया लाग्न रोक्ने अवरोधक थपेर । यसले लेड र कपर जस्ता धातुहरूलाई पानीमा घुल्नबाट रोक्छ ।
- निर्माण मितिको आधारमा लेडको बढी प्रभाव हुन सक्ने सम्भावना भएका आवासीय घरहरूमा लेड र कपरका स्तरहरू निगरानी गर्न प्रबल नमूना कार्यक्रम सञ्चालन गर्ने ।

साथै, भर्मोन्ट राज्यले सन् 1988 मा 8% भन्दा बढी लेडले बनेको लेड सोल्डरलाई प्रतिबन्ध लगाएको थियो । सन् 2010 मा राज्यले "लेडरहित" मानिनका लागि अधिकतम स्वीकार्य लेडको सामग्रीलाई तौलको औसतमा प्लम्बिङ फिक्स्चरमा 0.25% र सोल्डर वा फ्लक्समा 0.20% हुनेगरी घटाएको थियो । भर्मोन्ट राज्यसँग स्कुल र डेकेयरहरूका लागि देशको सबैभन्दा कडा लेड निगरानी कार्यक्रमहरू पनि छन् ।

## *मेरो घरमा लेडको अन्य स्रोतहरू छन् भनी म कसरी थाहा पाउन सक्छु ?*

बर्लिङ्गटन लेड कार्यक्रम (Burlington Lead Program) भनेको सिटी अफ बर्लिङ्गटनको सामुदायिक तथा आर्थिक विकास कार्यालय (Community & Economic Development Office, CEDO) अन्तर्गत रहेको आवास कार्यक्रम हो । तिनीहरूले लेड पेन्टको माध्यमबाट लेड एक्सपोजरलाई रोक्नका लागि बर्लिङ्गटनका घरहरूमा शिक्षा, गृह भेटहरूका साथै बाह्य पहुँच तथा स्रोतहरू उपलब्ध गराउन सक्छन् र तपाईंलाई हेल्दी होम्स (Healthy Homes) कार्यक्रम जस्ता थप स्रोतहरूसँग जोड्न सक्छन् जसले अन्य वातावरणीय स्वास्थ्य र सुरक्षा चिन्ताहरूलाई सम्बोधन गर्न आर्थिक सहयोग उपलब्ध गराउन सक्छन् ।

भर्मोन्टको स्वास्थ्य विभाग (Vermont Department of Health) ले माटो, शौक तथा शिल्प, उपभोक्ता उत्पादन, आयात गरिएका सामानहरू र भिन्टेज, प्राचीन वा सफा गरिएका पुराना वस्तुहरूमा पाइने अतिरिक्त लेडको खतराहरूका बारेमा जानकारी उपलब्ध गराउन सक्छ ।

## *मैले खानेपानीमा हुने लेड एक्सपोजरबाट आफूलाई कसरी बचाउन सक्छु ?*

सर्वप्रथम, तपाईं आफ्नो घरमा लेड एक्सपोजरको जोखिममा हुनु सक्नुहुन्छ वा सक्नुहुन्न भनेर थाहा पाइराख्नुहोस् ।

1. **आफ्नो खानेपानी प्रणालीका बारेमा जान्नुहोस् ।** EPA ले सबै सामुदायिक वाटर सिस्टमहरूलाई पानीको गुणस्तरको वार्षिक रिपोर्ट तयार पारेर वितरण गर्न आवश्यक गराएको छ । यो रिपोर्ट हाम्रो वेबसाइटको पानीको गुणस्तर पृष्ठमा उपलब्ध छ र यसमा बर्लिङ्टनको वितरण प्रणालीभरिका नमूना परीक्षण नतिजाहरू प्राप्त गर्न सकिन्छ । अनुरोध गरिएको खण्डमा कागजी प्रतिहरू हुलाकमार्फत पठाउन सकिन्छ ।
2. **आफ्नो घरको पानीको जाँच गराउनुहोस् ।** यदि तपाईं आफ्नो घरको प्लम्बिङमा लेड हुन सक्छ भन्ने बारेमा चिन्तित हुनुहुन्छ भने परीक्षण उपलब्ध छ । भर्मोन्टको स्वास्थ्य विभाग ले सार्वजनिक र व्यक्तिगत खानेपानीका लागि रसायन, रेडियोलोजिकल र सूक्ष्मजीवविज्ञान विश्लेषणहरू उपलब्ध गराउँछ । उपयुक्त नमुना लिनका लागि माथिको लिङ्कमा गएर वा 1-800-660-9997 मा फोन गरेर उपलब्ध परीक्षण, लागत र निर्देशनहरूको समीक्षा गर्नुहोस् ।

निम्न कदमहरू चालेर आफ्नो एक्सपोजरलाई कम गर्नुहोस्:

1. **पानी पिउनुअघि आफ्नो धारा खोलेर पानी बग्न दिनुहोस् ।** तपाईंले 6 घण्टासम्म पानी प्रयोग नगर्नुभएको बेला सुरुमा आउने चिसो पानी प्रयोग गर्नुअघि 5 मिनेटसम्म धारा खोलेर पानी बगेर जान दिनुहोस् । यसले गर्दा तपाईंका पाइपहरूमा लामो समयसम्म लेडका तत्वहरूको सम्पर्कमा आएका हुन सक्ने पानी बगेर जान्छन् र तपाईंको पानी सिधैं मुख्य पाइपबाट आउँछ भन्ने सुनिश्चित गर्छ ।
2. **फिल्टर वा प्रशोधन यन्त्रहरू प्रयोग गर्नुहोस् ।** वाटर फिल्टर जडान गर्ने बारेमा विचार गर्नुहोस् । नेसनल सेनिटेसन फाउन्डेसन (National Sanitation Foundation) **मा गएर तपाईंले लेड कम गर्नका लागि विशेष रूपमा तयार गरिएका उत्पादनहरूका बारेमा थप जान्न सक्नुहुन्छ ।**
3. **आफ्नो प्लम्बिङलाई अपडेट गर्नुहोस् ।** यदि तपाईंलाई आफ्नो घरभित्रको प्लम्बिङमा लेडका तत्वहरू छन् भन्ने शङ्का लाग्छ भने हामी पुराना फिक्स्चरहरूलाई हालको लेड एक्सपोजरको रोकथामका मौजुदा आवश्यकताहरू पूरा गर्ने नयाँ फिक्स्चरहरूले फेर्न सिफारिस गर्छौं । भर्मोन्टको सार्वजनिक सुरक्षा विभाग (Vermont Department of Public Safety) मा गएर तपाईंले भर्मोन्टमा प्लम्बरको काम गर्न इजाजतपत्र प्राप्त प्लम्बर भेटाउन सक्नुहुन्छ ।

कृपया सिटी अफ बर्लिङ्गटनको खानेपानीमा लेड एक्सपोजर रोक्नका लागि wविभिन्न कदमहरू चालिसकेको छ र लेड एक्सपोजरको सम्भावना एकदमै कम हुन्छ भन्ने कुरा ध्यानमा राख्नुहोस् ।

## *यो परियोजनाको समयसीमा के हो ?*

EPA ले सन् 2021 मै नियममा संशोधनको घोषणा गरेको थियो तर राज्यहरूलाई आफ्नो सर्भिस लाइनका इन्भेन्टरीहरू कसरी सञ्चालन गर्ने बारेमा हालैमा निर्देशन जारी गरेको छ । हामीले अक्टोबर 2024 को अन्तिम मितिसम्म फलोअप गरेर इन्भेन्टरीको काम पूरा गर्न सकौँ भन्नका लागि सिटी अफ बर्लिङ्गटनले अप्रिल 2024 सम्म सेवाग्राहीहरूको पहिलो चरणका जवाफहरू प्राप्त गर्ने लक्ष्य राखेको छ ।

## *लेड एक्सपोजरका बारेमा थप प्रश्नहरूका लागि स्रोतहरू*

### सिटी अफ बर्लिङ्गटन

बर्लिङ्गटन लेड कार्यक्रम: www.burlingtonvt.gov/blp वा (802) 865-5323
पानीको गुणस्तर रिपोर्टहरू: www.burlingtonvt.gov/water/Water-Quality-Reports वा (802) 863-4501
सेवाग्राही सेवा टोली: water-resources@burlingtonvt.gov वा (802) 863-4501

### भर्मोन्ट राज्य

घरमा लेडका खतराहरू: www.healthvermont.gov/environment/home/lead-hazards-and-lead-poisoning
खानेपानीको परीक्षण: www.healthvermont.gov/lab/drinking-water-testing वा 1-800-660-9997
लेडसम्बन्धी नियमहरू तथा प्रवर्तन: www.ago.vermont.gov/divisions/consumer-protection/consumer-resources/lead
इजाजतपत्र प्राप्त प्लम्बरहरू: www.firesafety.vermont.gov/licensing/plumbing

### अमेरिकी वातावरण संरक्षण एजेन्सी

लेड तथा कपरसम्बन्धी नियम र संशोधनहरू: www.epa.gov/dwreginfo/lead-and-copper-rule
लेडसम्बन्धी सबै जानकारी: www.epa.gov/lead